# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः १६ मितिः २०८१।०३।१४

## भाग - २

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०
# (दोस्रो संसोधन,२०८१)

शिवराज नगरपालिकाको नगर प्रहरी ऐन,२०७९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो **"नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (दोस्रो संसोधन,२०८१)"** बनाई लागू गरेको छ।

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०
# (दोस्रो संसोधन,२०८०)

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०३/०७

शिवराज नगरपालिकाको "**नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०(दोस्रो संसोधन,२०८१)**" लाई संसोधन गर्न बाञ्छनीय भएकोले नगर कार्यपालिकाबाट देहाय अनुसार संसोधन गरिएको छ।

| क्र.स. | पहिले भएको व्यवस्था | अब हुनुपर्ने व्यवस्था |
|---|---|---|
| १ | ११(१) १ दरखास्त आव्हान भएको बखत १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको तर नगर प्रहरी निरीक्षक पदका लागि नेपाल प्रहरी सेना सशस्त्र प्रहरी नेपाल प्रहरी तथा नेपाल देशका भन्दा बाहिर सेना तथा प्रहरी बाट अवकाश लिइ आएको नागरिकको हकमा ४० वर्ष ननाघेको । | ११(१)१खुल्ला रुपमा दरखास्त आव्हान भएको बखत १८ वर्ष पुरा भई २४ ननाघेको हुनुपर्ने<br>वा कार्यपालिकाको निर्णयानुसार नेपाल प्रहरीको असई तथा हवल्दार पदको नियुक्तिका लागि छनोट प्रक्रिया अन्तर्गत वैकल्पिक सूचिमा सिफारिस भएको उम्मेद्वारलाई सिधै योग्यताक्रम अनुरुप हुने गरी नियुक्त गर्न सकिने<br>वा नगर प्रहरी निरीक्षक र नगर प्रहरी हवल्दार पदका लागि नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल बाट अवकाश लिइ आएकाको हकमा ४५ वर्ष ननाघेका हुनुपर्ने ।<br>नगर प्रहरी निरीक्षक तथा हवल्दारको सेवाकालिन तालिम सम्बन्धमा नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल बाट अवकाश लिइ आएका बाहेक अन्यको हकमा अनिवार्य रहने। |
| २ | १४(१) उम्मेदवारले दिएको लिखित तथा मौखिक परीक्षामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम निर्धारण हुने । | १४(१) नगर प्रहरी सहायक निरीक्षक तथा हवल्दारको खुल्ला रुपमा हुने पदपूर्तिका लागि लिखित परीक्षा, शारीरीक परिक्षण तथा अन्तर्वाता अनिवार्य हुने ।<br>नेपाल प्रहरीको वैकल्पिक सूचिबाट पदपूर्ति गर्दा कुनै किसिमको परीक्षा आवश्यक नहुने ।<br>नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल , नेपाली सेनाबाट अवकाश लिई आएकाको हकमा योग्यताक्रम निर्धारण गर्नका लागि पदपूर्ति समितिले आवश्यकता अनुसार अन्तर्वाता मात्र लिने वा लिखित परीक्षाको साथमा अन्तर्वाता समेत लिने भन्ने निर्णय गर्न सक्ने । |

*प्रमाणिकरण मिति : २०८१।०३।१४*

आज्ञाले,
बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत